"जलस्रोत, पर्यटन र जडिबुटीले सम्मुनतविगु गाउँपालिका"

# विगु गाउँपालिका
# Bigu Rural Municipality
# गाउँकार्यपालिकाको कार्यालय
# Office of the Rural Municipal Executive

लादुक, दोलखा
Laduk, Dolakha
बागमति प्रदेश, नेपाल ।
Bagmati Province, Nepal

पत्र संख्या/Ref. No:- २०७७/०७८
चलानी नं./Dispatch No:- ०३१

मिति/Date : २०७७/०८/०९

विषय : योजना छनौट गरी रोजगार सेवा केन्द्रमा पेस गर्ने सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै,
विगु गााउँपालिका ।

प्रस्तुत विषयमा श्रम, रोजागार तथा सामाजिक सुरक्षा मन्त्रालय को च.नं.११५, मिति २०७७/०७/२५ को पत्रानुसार आ.ब.२०७७/०७८ को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना कार्यान्वयन गर्न मिति २०७७/०६/२० गते सम्म रोजगार सूचना प्रणाली(EMIS) मा १०० जना भन्दा बढी संख्यामा बेरोजगार व्यक्तिको विवरण प्रविष्ठ गर्ने ५६९ स्थानिय तहलाई EMIS मा प्रविष्ठ भएका व्यक्तिको संख्याको आधारमा मिति २०७७/०७/२१ (मा.मन्त्रिस्तर) को निर्णयानुसार सशर्त अनुदान रकम थप गरिएकोले यस गाउँपालिकाको लागि रु.८५३१०००/-अक्षरेपी पचासी लाख एकतीस हजार रकम थप विनियोजित भइ आएको र यस विगु गाउँपालिकाको मिति २०७७/०८/०६ गते बसेको निर्देशक समितिको बैठकको निर्णय बमोजिम तहाँ वडाबाट प्राप्त बेरोजगारहरुको संख्याको आधारमा तपसिल बमोजिमका वडाहरुमा तपसिल बमोजिम बजेट बाँडफाँड गरिएकोले "कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना(संचालन तथा व्यवस्थापन) कार्यविधि,२०७७ को दफा ४ बमोजिम उल्लेखित क्षेत्रका आयोजना र सोही कार्यविधिको दफा ४ को उपदफा (३) बमोजिम स्थानीय तहको योजना तर्जुमा प्रक्रिया पूरा गरेका आयोजना बैंकमा रहेका आयोजना र तपसिलमा उल्लेखित बजेट कार्यान्वयन हुने आयोजनाहरु प्रत्येक वडाले मिति २०७७/०८/१५ गतेभित्र रोजगार सेवा केन्द्रमा योजना पेश गर्नु हुन अनुरोध छ। साथै मन्त्रालयबाट प्राप्त पत्रको प्रतिलिपी यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ।

तपसिल

| क्र.सं. | वडा नं. | बेरोजागारहरुको संख्या | काम गर्न पाउने दिन | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | १२० | १५१० | ७८०६७० | |
| २ | २ | १३४ | १६८६ | ८७१६६२ | |
| ३ | ३ | १८६ | २३४१ | १२१०२९७ | |
| ४ | ४ | २७८ | ३४९९ | १८०८९८३ | |
| ५ | ५ | ७२ | ९०७.९६ | ४६९४१९ | |
| ६ | ६ | १६१ | २०२७ | १०४७९५९ | |
| ७ | ७ | १८९ | २३७८ | १२२९४२६ | |
| ८ | ८ | १७१ | २१५२ | १११२५८४ | |
| | जम्मा | १३११ | १६५००.९६ | ८५३१००० | |

बोधार्थ :
श्री संजिव ओली,उपाध्यक्ष,विगु गाउँपालिका ।

कृष्णहरि पौडेल
प्रमुख प्रशासकीय अधिकृत

फोन नं: ०४९-४१०१०९ ईमेल:info@bigumun.gov.np, bigumun@gmail.com वेभ साइट: www.bigumun.gov.np